# प्रदेश लोक सेवा आयोग

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पाँचौं तहका विभिन्न सेवा समूहका प्राविधिक तर्फका पदहरूको बुढवाद्वारा पदपूर्ति हुने पद सङ्ख्या सम्बन्धी सूचना

**सूचना नं. २०/२०७९-०८०** **मिति:- २०७९।०९।२७**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम सुदूरपश्चिम प्रदेश र अन्तर्गत निकायमा रिक्त रहेका पदहरूको पदपूर्तिका लागि प्राप्त माग र कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेशस्थित स्थानीय तहहरूमा रिक्त रहेका पदहरूको पदपूर्तिका लागि विभिन्न स्थानीय तहहरूबाट प्राप्त माग सङ्ख्याको प्रतिशत निर्धारण गरी कायम भएका अन्तरसेवा, आ.प्र. र बढुवाद्वारा पूर्ति हुने पद सङ्ख्याको विवरण आयोगको अभिलेखमा सुरक्षित राखिएको छ। बढुवा तर्फका उक्त पदहरूको पदपूर्ति प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानून बमोजिम हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका पाँचौं तहका विभिन्न सेवा समूहका प्राविधिक तर्फका पदहरूको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. २१/२०७९-०८०** **मिति:- २०७९।०९।२७**

सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम सुदूरपश्चिम प्रदेश र अन्तर्गत निकाय र कर्मचारी समायोजन ऐन २०७५ को दफा १२ को व्यवस्था बमोजिम सुदूरपश्चिम प्रदेशस्थित स्थानीय तहहरूमा रिक्त भएका देहायका पदहरूमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको विद्युतीय दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त दिनुपर्नेछ। प्रतियोगितात्मक परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको प्राथमिकता क्रम अनुसार नियुक्तिका लागि सम्बन्धित प्रदेश मन्त्रालय र स्थानीय तहमा सिफारिस गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद, सेवा, समूह | विज्ञापनको किसिम | पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ५०१/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल | खुला | २ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे | | १ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल | | २० | |
| २ | ५०२/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल | महिला | १ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे | | १ | |
| | | सब-इन्जिनियर, इन्जि., सिभिल | | २० | |
| ३ | ५०३/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल | आ.ज. | ४ | |
| ४ | ५०४/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल | दलित | १ | |
| ५ | ५०५/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ एन्ड आर्किटेक्ट | खुला | ३ | |
| ६ | ५०६/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ एन्ड आर्किटेक्ट | महिला | १ | |
| ७ | ५०७/०७९-८० | सब-इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ एन्ड आर्किटेक्ट | दलित | १ | |
| ८ | ५०८/०७९-८० | प्राविधिक सहायक, कृषि, कृषि प्रसार | खुला | ४ | |
| | | प्राविधिक सहायक, कृषि, बागवानी | | ५ | |
| | | प्राविधिक सहायक,कृषि, बाली विकास | | १ | |
| | | प्राविधिक सहायक, कृषि, बाली संरक्षण | | १ | |
| | | प्राविधिक सहायक, कृषि, माटो विज्ञान | | १ | |
| | | प्राविधिक सहायक, कृषि | | १७ | |
| ९ | ५०९/०७९-८० | प्राविधिक सहायक, कृषि, बागवानी | महिला | १ | |
| १० | ५१०/०७९-८० | प्राविधिक सहायक, कृषि, मत्स्य | खुला | २ | |
| | | पशु सेवा प्राविधिक,कृषि, ला.पो.एन्ड डे.डे. | | १९ | |
| | | पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी | | २४ | |
| ११ | ५११/०७९-८० | प्राविधिक सहायक, कृषि, मत्स्य | महिला | १ | |
| १२ | ५१२/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | खुला | ९ | |
| | | रेन्जर, वन, स्वायल एन्ड वाटर कन्जर्भेसन | | १ | |
| १३ | ५१३/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | महिला | २ | |
| | | रेन्जर, वन, स्वायल एन्ड वाटर कन्जर्भेसन | | १ | |
| १४ | ५१४/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | दलित | १ | |
| १५ | ५१५/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | थारु/राना थारु | १ | |
| १६ | ५१६/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | आर्थिक रूपले विपन्न खस आर्य | १ | |
| १७ | ५१७/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | आ.ज. | १ | |
| १८ | ५१८/०७९-८० | रेन्जर, वन, जनरल फरेस्ट्री | पि.क्षे. | १ | |
| १९ | ५१९/०७९-८० | कम्प्युटर अपरेटर, विविध | खुला | ८ | |
| २० | ५२०/०७९-८० | कम्प्युटर अपरेटर, विविध | महिला | १ | |
| २१ | ५२१/०७९-८० | कम्प्युटर अपरेटर, विविध | दलित | १ | |
| २२ | ५२२/०७९-८० | प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | खुला | ४ | |
| २३ | ५२३/०७९-८० | प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | महिला | ६ | |
| २४ | ५२४/०७९-८० | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | खुला | ३ | |
| २५ | ५२५/०७९-८० | पब्लिक हेल्थ नर्स, स्वास्थ्य, क.न. | महिला | १ | |
| २६ | ५२६/०७९-८० | कविराज/आयुर्वेद सहायक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद | खुला | ३ | |
| २७ | ५२७/०७९-८० | हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. | खुला | २३ | |
| २८ | ५२८/०७९-८० | हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. | महिला | १० | |
| २९ | ५२९/०७९-८० | हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. | आ.ज. | २ | |
| ३० | ५३०/०७९-८० | स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ | खुला | २ | |
| **कुल जम्मा** | | | | **२१३** | |

**परीक्षाको किसिम:-** लिखित र अन्तर्वार्ता।

**लिखित परीक्षा मिति:-** पछि प्रकाशन गरिनेछ।

**परीक्षाको माध्यम:-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अङ्ग्रेजी अथवा नेपाली र अङ्ग्रेजी दुवै हुन सक्नेछ।

**दरखास्तको माध्यम:-** विज्ञापित सबै पदहरूमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनुपर्नेछ। आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेस गर्न सकिनेछ र दरखास्त पेस गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ।

**दरखास्त दस्तुर:-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. ४००।- (चार सय) बुझाउनुपर्नेछ। समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. २००।-(दुई सय) थप दस्तुर बुझाउनुपर्नेछ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थान:-** आयोगको अनलाइन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने, त्यस पछि आफुले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय वाणिज्य बैंक Select गर्ने र Online Payment वा Offline Payment मध्ये एक Option छनोट गरी भुक्तानी गर्ने।

**Online Payment (Connect IPS)** बाट दरखास्त दस्तुर भुक्तानी गर्न Online Payment, Select गरी Next मा Click गर्ने, त्यस पछि Connect IPS Login गरी तोकिएको रकम बुझाउनुपर्नेछ।

**बैंक भौचरबाट दरखास्त दस्तुर भुक्तानी गर्न:** Offline Payment Select गरी Next मा Click गर्ने, त्यसपछि Voucher Generate मा Click गर्ने, र भौचर Print गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनुपर्नेछ।

**(नोट:- CONNECTIPS को Direct URL www.connectips.com बाट तथा बैंकको भौचर प्रयोग गरी गरिएको रकम भुक्तानी मान्य हुनेछैन।**

**दरखास्त दस्तुर बुझाउने अवधि:-** अनलाइन माध्यमबाट दरखास्त पेस गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको **Master ID** र कारोबार सङ्केत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समयभित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रूपमा बुझाउनुपर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरू:-** विद्युतीय दरखास्त पेस गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरि शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति (Council) प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग ,हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ। तोकिएको Format मा कागजात पेस नभएमा प्रवेश पत्र प्रिन्ट नहुने भएकाले तोकिएको Format मै कागजात अपलोड गर्नुपर्नेछ।

प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्दिशका, २०७८ को दफा १२ बमोजिम दरखास्त पेस नभएमा वा लापरवाही तरिकाले पेस गरेमा दरखास्त रुजु गर्दाकै बखत रद्द हुने र पछि कुनै पनि बाहानामा रद्द भएका दरखास्त उपर कुनै पनि सुनुवाइ नहुने भएकाले दरखास्त फाराम भर्दा विशेष ध्यान दिनुपर्नेछ।

**दरखास्त दिने अन्तिम मिति:-** २०७९।१०।१७ गते सम्म र दोब्बर दस्तुर तिरी २०७९।१०।२४ गतेसम्म।

**उम्मेदवारको उमेरको हद:-** पुरुष उम्मेदवारको हकमा २०७९।१०।१७ सम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरूको हकमा ४० वर्ष ननाघेको।

स्वास्थ्य सेवाका पदको हकमा वि.सं. २०७९।१०।१७ सम्म १८ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको। साथै बहालवाला स्थायी निजामती सेवाका कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

**अन्तर्वार्ता परीक्षा हुने मितिः**- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।
**पदमा रही गर्नुपर्ने कामको विवरणः**- सेवा, समूह सम्बन्धी प्रचलित कानून बमोजिम हुनेछ।
**सेवा, सर्त र सुविधाः**- प्रदेश तथा स्थानीय तहको प्रचलित कानून बमोजिम हुनेछ।
**सेवा सम्बन्धी मन्त्रालय/स्थानीय तह**- सेवा, समूह, उपसमूह सञ्चालन गर्ने सम्बन्धित प्रदेश मन्त्रालय/ स्थानीय तह ।

## आवश्यक न्यूनतम शैक्षिक योग्यताः

१. **सब-इन्जिनियर, इन्जि., सिभिल, जनरल :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
२. **सब-इन्जिनियर, इन्जि., सिभिल, हाइवे :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३. **सब-इन्जिनियर, इन्जि., सिभिल, विल्डिङ एन्ड आर्किटेक्ट :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल वा आर्किटेक्चरल इन्जिनियरिङ विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
४. **प्राविधिक सहायक, कृषि, कृषि/कृषि प्रसार/ बागवानी/बाली विकास/बाली संरक्षण/माटो विज्ञान :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि विषयको डिप्लोमा (Major in Plant Science) उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि विज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
५. **प्राविधिक सहायक, कृषि, मत्स्य :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा पशुविज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी न्यूनतम ३ वर्ष अवधिको कृषि वा पशुविज्ञान विषयमा डिप्लोमा उत्तीर्ण वा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी कृषि वा पशुविज्ञानमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
६. **पशु सेवा प्राविधिक, कृषि, ला.पो. एन्ड डे.डे. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
७. **पशु स्वास्थ्य प्राविधिक, कृषि, भेटेरिनरी :** मान्यता प्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषय लिई प्रवीणता प्रमाणपत्र तह (आइ.एस्सी. एगृ.) उत्तीर्ण वा एस.एल.सी. वा टी.एस.एल.सी. उत्तीर्ण गरी पशु विज्ञान विषयमा न्यूनतम ३ वर्षको अवधिको डिप्लोमा उत्तीर्ण वा पशु विज्ञान विषयमा जे.टी.ए. कोर्ष उत्तीर्ण गरी पशु विज्ञान विषयमा १ वर्षे जे.टी. कोर्ष (प्राविधिक प्रमाणपत्र) उत्तीर्ण।
८. **रेन्जर, वन, जनरल फरेस्ट्री :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेस्ट मेन्सुरेसन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
९. **रेन्जर, वन, स्वायल एन्ड वाटर कन्जर्भेसन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१०. **कम्प्युटर अपरेटर, विविध :** मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी रजिस्टर्ड संस्थाबाट कम्तीमा ६ महिनाको कम्प्युटर तालिम प्राप्त। वा मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि सञ्चालित ६ महिनाको कम्प्युटर तालिम प्राप्त।
११. **प्राविधिक सहायक, शिक्षा, शिक्षा प्रशासन :** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
१२. **पब्लिक हेल्थ नर्स, स्वास्थ्य, प.हे.न. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट प.हे.न. वा नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण
१३. **कविराज/आयुर्वेद सहायक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद :** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद विषयमा प्रमाणपत्र तह उत्तीर्ण।
१४. **हेल्थ असिस्टेन्ट स्वास्थ्य, हे.ई. :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सामा प्रमाणपत्र तह उत्तीर्ण।
१५. **स्टाफ नर्स, स्वास्थ्य, जनरल नर्सिङ :** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रमाणपत्र तह उत्तीर्ण।

## खुला तथा समावेशी परीक्षाका लागि विशेष सूचना

(१) खुला तथा समावेशी विज्ञापनमा दरखास्त दिने उम्मेदवार निजामती सेवा ऐन, २०४९ को दफा १०, प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १७ र स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।
(२) खुला र समावेशी तर्फको लिखित परीक्षा एकै सिटिङ एकै मिति र समयमा हुनेछ। (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहका लागि छुट्टाछुट्टै परीक्षा दिनुपर्ने छैन।)
(३) खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारहरूको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ठ प्रकाशन गरिनेछ।
(४) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले अन्तर्वार्तामा सम्मिलित हुन अगाडि प्रदेशका सम्बन्धित मन्त्रालय र स्थानीय तहहरूको प्राथमिकता क्रम अनिवार्य रूपले भर्नुपर्नेछ। प्राथमिकता नभर्ने उम्मेदवारहरूलाई अन्तर्वार्तामा सहभागी गराइने छैन।
(५) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूले समावेशी समूहको प्राथमिकता क्रम रोज्न पाउने छैनन्। उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
(६) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारले एक पटक मात्र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ। साथै अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
(७) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यता क्रम (Merit Order) र उम्मेदवारले रोजेको प्रदेश तथा स्थानीय तहहरूको प्राथमिकता क्रम (Priority Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लेखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

क) **आदिवासी/जनजातिका हकमा** नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
ख) **मधेसीका हकमा** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोके सम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।
ग) **दलितका हकमा** राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
घ) **अपाङ्गका हकमा** स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०५३ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचय पत्र।
ङ) **थारू/राना थारूको हकमा** राष्ट्रिय थारू आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय थारू आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
च) **आर्थिक रूपले विपन्न खस आर्यको हकमा** गरीब परिचय पत्र वा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट खस आर्य भनी प्रमाणित गराएको कागजात।
छ) **पिछडिएको क्षेत्रका हकमा** निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टीकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाईंसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाईंसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाईंसराइ गरेको खुल्ने कागजात।

## द्रष्टव्य :

क) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ। दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
ख) समान पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले समान पदमा दरखास्त दिन पाइने छैन।
ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नुपर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।
ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफूले दरखास्त दिएको सेवा समूह सम्बन्धी परिषद्मा दर्ता हुनुपर्ने पदहरू भएमा सो परिषद्मा दर्ता/नवीकरण भएको प्रमाणपत्रको सक्कल प्रति, स्तर वृद्धि भएको भए स्तर वृद्धि भएको पत्र तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेस गर्नुपर्ने भनी उल्लेख भएका कागजातहरूको सक्कलका साथै प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।
च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेस गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेस गर्न नसकेने उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेस गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।
छ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोबाइल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवारले परीक्षामा सहभागी हुन नपाएमा सोको जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।
ज) विज्ञापन नम्बर एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. छनोट गर्नुपर्नेछ।
झ) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।
ञ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ।
ट) पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ।
ठ) दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीका लागि वेबसाइटमा राखिएको User Manual हेर्न सकिनेछ।